annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ५८, पृष्ठ ८ | काठमाडौं, शनिबार १३ असार २०८३ | ज्येष्ठ शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४६ | SATURDAY, JUNE 27, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

### रास्वपा पहिलो महाधिवेशन

# पार्टी संस्थागत, कमाण्ड लामिछानेकै

**सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टीको पहिलो ऐतिहासिक महाधिवेशनले आन्तरिक लोकतन्त्रको अभ्यास गर्दै पार्टीलाई राजनीतिक र सांगठनिक रूपमा संस्थागत गरेको छ। व्यवस्थापकीय अव्यवस्था देखिए पनि रास्वपाको सांगठनिक प्रणाली र लोकतान्त्रिक जगलाई भने मजबुत रूपमा स्थापित गराएको छ।**

**सुरेन्द्र काफ्ले** | *काठमाडौं* / **अनिल ढकाल** | *चितवन*



हरि ढकाल, सहमहामन्त्री | विपिनकुमार आचार्य, महामन्त्री | डा. स्वर्णिम वाग्ले, उपसभापति | रबि लामिछाने, सभापति | सोविता गौतम, उपसभापति | निशा डाँगी, सहमहामन्त्री | असिम शाह, सहमहामन्त्री

विस्तृत पृष्ठ २

## भित्री पृष्ठ


नाडी हेराउनु भयो त ? - पृष्ठ ३


ओझेलमा सर्जक, राज्य मूकदर्शक - पृष्ठ ५


बेल्टारी-खरिखोलाका कृषक व्यावसायिक बन्दै - पृष्ठ ६


धुलोको कुहिरोभित्र निसासिँदै पृथ्वी राजमार्ग - पृष्ठ ८

# कोइराला निवासमा 'शीर्ष संवाद'

**अन्नपूर्ण** | *विराटनगर*

विराटनगरमा कांग्रेस र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का तीन तीन शीर्ष नेताबीच राजनीतिक संवाद भएको छ। पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल, नेकपाका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाबीच शुक्रबार बिहान विराटनगरमा भेटवार्ता भएको हो।

विराटनगरस्थित कोइराला निवासमा भएको भेटमा मुलुकको समसामयिक राजनीतिक अवस्था, पछिल्ला राजनीतिक घटनाक्रम, संसद्को भूमिका तथा राष्ट्रिय सरोकारका विविध विषयमा गम्भीर छलफल भएको कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले जानकारी दिए। 'पछिल्ला केही सातायता देशको राजनीतिक परिस्थितिलाई लिएर प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूबीच निरन्तर संवाद र परामर्श भइरहेको छ,' उनले भने।

भेटका क्रममा कुन-कुन विषयमा के निष्कर्षसहित छलफल भयो भन्ने विस्तृत विवरण भने सार्वजनिक गरिएको छैन। सहभागी नेताहरूले पनि कुनै प्रतिक्रिया दिएका छैनन्।

राजनीतिक वृत्तमा भने वर्तमान सरकारको कार्यसम्पादन, संसद्को प्रभावकारिता, राष्ट्रिय सहमति आवश्यक पर्ने विषय तथा मुलुकको समग्र राजनीतिक दिशाका बारेमा तीन नेताबीच खुला रूपमा विचारविमर्श भएको हुन सक्ने चर्चा छ।



फरक राजनीतिक धारका प्रभावशाली नेताहरूबीच विराटनगरमा भएको भेटलाई आगामी राजनीतिक घटनाक्रमसँग जोडेर चासोका साथ हेरिएको छ।

**एमालेसँग सहकार्य हुन्छः दाहाल**

नेकपाका संयोजक पुष्पकमल दाहाल ले नेकपा (एमाले) सँग तत्काल पार्टी एकता सम्भव नभए पनि संसद्, सडक र आगामी निर्वाचनमा सहकार्य हुने बताएका छन्। विराटनगरमा आयोजित प्रदेश कमिटीको बैठकलाई शुक्रबार सम्बोधन गर्दै उनले राजनीतिक समीकरण र नयाँ मोर्चाबन्दीबारे यस्तो खुलासा गरेका हुन्।

बैठकमा अध्यक्ष दाहालले मुद्दाका आधारमा नेपाली कांग्रेस र मधेसवादी दलहरूसँग पनि मोर्चा बनाएर अघि बढ्न सकिने स्पष्ट पारे। समाजवादी मोर्चामा रहेका दलहरूसँग भने छिट्टै एकता हुने उनको भनाइ थियो।

आफ्नो राजनीतिक जीवनमा अझै एउटा निर्णायक 'क्रमभंग' बाँकी रहेको उल्लेख गर्दै प्रचण्डले आफू राजनीतिबाट विश्राम लिने पक्षमा नरहेको उद्घोष गरे। 'प्रचण्डको अन्तिम क्रमभंग हेर्न बाँकी नै छ। म बुद्ध भिक्षु भएर घण्टी बजाउन आएको होइन, फेरि एकपटक देशलाई समाजवादी आन्दोलनतिर लैजान क्रमभंग गरिनेछ,' उनले भने।

महाधिवेशनपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को चरित्र छिट्टै उदांगो भएको उनको भनाइ थियो। उनको कार्यकर्तालाई व्यंग्य थियो, 'अब हाम्रा साथीहरू उता जाने लोभ ६० प्रतिशतले घटिसकेको देखेको छु। अब बरु बोले पनि घामै जाती, पिटे पनि आफ्नै आमा जाती।'

## एउटै मञ्चमा देखिँदैछन् ओली-दाहाल



एमालेसँग संसद् र सडक दुवै मोर्चामा मिलेर अघि बढ्ने सार्वजनिक अभिव्यक्ति दिएका नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल र एमाले अध्यक्ष केपी शर्मा ओली आइतबार काठमाडौंमा लामो समयपछि एउटै मञ्चमा देखिँदै छन्। मदन भण्डारी फाउन्डेसनद्वारा जननेता मदन भण्डारीको ७५औं जन्मजयन्तीका अवसरमा प्रदर्शनी मार्गस्थित राष्ट्रिय सभागृहमा आयोजना हुन लागेको 'नेपालको कम्युनिस्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयक विचार गोष्ठीमा दुई पूर्वप्रधानमन्त्री सँगै सहभागी हुन लागेका हुन्।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी प्रमुख अतिथि रहने उक्त विशेष कार्यक्रममा ओली र दाहालका साथै नेकपाका सहसंयोजक माधवकुमार नेपाल, नेता झलनाथ खनाल र जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवलगायतका शीर्ष नेताहरूको उपस्थिति रहनेछ।

# २७ वटा पालिकाले ल्याएनन् बजेट

**केशरराज क्षेत्री** | *बुटवल*

आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम र बजेट समयमै नल्याउने पालिकाहरूको संख्या यस वर्ष पनि रोकिएन। नगरपालिका र गाउँपालिका गरी २७ वटाले आगामी वर्षका लागि नीति, कार्यक्रम र बजेट ल्याउन सकेनन्। समयमै बजेट नल्याउने पालिकालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने मूल्यांकनमा समेत असर गर्छ। समयमै बजेट नल्याउनेमा सबैभन्दा धेरै मधेस प्रदेशका पालिकाहरू छन्।

**समयमै बजेट नल्याउनेमा १४ वटा गाउँपालिका**

७ सय ५३ स्थानीय तहमध्ये देशभर ४ सय ६० वटा गाउँपालिका छन्। तीमध्ये असार १० गतेभित्र बजेट ल्याउने गाउँपालिकाहरू ४ सय ४६ वटा छन्। बाँकी रहेका १४ वटा गाउँपालिकाहरूले संवैधानिक व्यवस्थाअनुसार समयमै बजेट ल्याउन सकेनन्। उनीहरूले संवैधानिक व्यवस्थाको उल्लंघन गरेका छन्। तथ्यांकअनुसार कुल ९७ प्रतिशत गाउँपालिकाहरूले आ-आफ्नै समस्याले बजेट ल्याउन नसकेको देखिएको छ। गण्डकी प्रदेशका ५८ वटा गाउँपालिकाहरूमध्ये शतप्रतिशतले समयमै बजेट ल्याएको गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद प्याकुरेलले जानकारी दिए। उनका अनुसार कोशी प्रदेशका ८८ वटा गाउँपालिकाहरूमध्ये ३ वटाले बजेट ल्याउन सकेका छैनन्। मधेसका ५९ मध्ये २ वटाले बजेट ल्याएनन्।




त्यस्तै, बागमतीका ७४ मध्ये १ वटा, लुम्बिनीका ७३ मध्ये ३ वटा, कर्णालीका ५४ मध्ये २ र सुदूरपश्चिमका ५४ वटा गाउँपालिकाहरूमध्ये २ वटाले समयमै बजेट ल्याएनन्। समयमै बजेट ल्याउन नसक्नुमा तयारी नपुगेको, अध्यक्ष अस्वस्थ भएको, अध्यक्षको परिवारका सदस्यहरू बिरामी परेका कारण जिल्ला बाहिर गएको, प्रमुख प्रशासकीय अधिकृत सरुवा भएको र बजेट निर्माणमा सहमति जुट्न नसकेको जस्ता कारण पालिकाहरूले बताएका छन्। असार १० भित्र बजेट पेस गर्न नसकेका पालिकाहरूले केही दिनभित्र पेस गर्ने तयारीका बारेमा समेत महासंघलाई खबर गरेको प्याकुरेलले जानकारी गराए।

**बजेट नल्याउने नगरपालिका १३ वटा**

देशभरका कुल २ सय ९३ वटा नगरपालिकाहरूमध्ये १५ वटाले बजेट पेस गर्न सकेका छैनन्। समयमै बजेट ल्याउने नगरपालिकाहरू २ सय ७८ वटा छन्। कुल संख्याको ९५ प्रतिशत नगरपालिकाले तोकिएकै समयमा आफ्नो नीति, कार्यक्रम र बजेट प्रस्तुत गरेका हुन्।

मधेस प्रदेश समयमै बजेट नल्याउने प्रदेशको रूपमा चिनिएको छ। यहाँका ७७ वटा नगरपालिकाहरूमध्ये ६६ वटाले मात्र बजेट पेस गरेका छन्। बाँकी ९ वटाले बजेट ल्याएका छैनन्। मधेसका स्थानीय तहमा समयमै बजेट पेस नगर्ने समस्या वर्षौंदेखिको हो।

नगरपालिकाहरूमध्ये कुल ८६ प्रतिशतले मात्र बजेट ल्याएका छन्। यो प्रदेशमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिवस्तरका कर्मचारीहरूको टोली पालिकाहरूमै पुगेर समयमै बजेट ल्याउनेबारे कार्यक्रम गरे पनि त्यसले सुधार गर्न सकेको छैन।

रौतहटका गरुडा नगरपालिका, कटहरिया र फतुवा विजयपुर नगरपालिकाले बजेट पेस गर्न सकेनन्। त्यस्तै, सर्लाहीको हरिवन नगरपालिका, सिराहाको सुखीपुर नगरपालिका, धनुषाको कमला नगरपालिका, जनकपुरधाम उपमहानगरपालिका र विदेह नगरपालिकाले बजेट ल्याएनन्। महोत्तरीको जलेश्वर नगरपालिकाले पनि तोकिएकै समयमा बजेट पेस गरेन।

» बाँकी पृष्ठ ६